**प्रदेश सभा**

**सुदूरपश्चिम प्रदेश**

**२०७७/०४/३०**

**छैटौं अधिवेशन**

**(एकतिसौं वैठक)**

**बाचन पत्र (रीडिङ्ग पेपर)**

**पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

१. माननीय सदस्यहरु,

यस सभाको छैटौं अधिवेशनको एकतिसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**ढ्यापढ्यापेमा माननीय देवराज पाठक**

माननीय सभामुख महोदय, यही पौष १७ गते माननीय अम्बी कुमारी थापाको मोटरसाईकल एक्सिडेन्टमा शक्त घाईते भएकि र प्रदेश सरकार र सभामुख ज्युको सहयोगबाट अरु सांसदको सहयोगबाट हेलीकप्टरको व्यवस्था भयो प्रदेश सरकार र सभामुख ज्युलाई धन्यबाद दिन चाहान्छु र साथै उसको यउटा सामान्य परीवारको भयको हुनाले उपचार खर्च पनी उपलब्ध गराईदिनुहुन म प्रदेश सरकार सँग आग्रह गर्न चाहान्छु र दोस्रो कुरा के भने कृष्णपुर नगरपालीका वडा न. ६ मा राधा देवि वडको बिजुलीको तार नाङ्गो भयर उसको असामयिक नीधन भयको हुनाले उलाई मृतकलाई श्रदान्जली अर्पण गर्दै शोकसन्तप्त परीवारलाई समवेदना प्रकट गर्दछु साथै यो डोटि जिल्लामा बस दुर्घटनाबाट ईत्यादि पहिरोको कारण सबै जिल्लामा मृत्यु भयको कारण म त्यहाका मृतकलाई श्रदान्जली अर्पण गर्न चाहान्छु साथै उहाको परीवारलाई समवेदना प्रकट गर्न चाहान्छु कञ्चनपुरको मोहना देखि महाकाली सम्म नदिको तटबन्धन सारा गरेर ५० औ बिघा जमीन त्यहा क्षति भयको छ त्यसको लागि पनी प्रदेश सरकारसँग त्यसको क्षति पुर्ति भनौ या उसको सुरक्षाको लागि नदि यो काट्यो काट्यो फेरी त्यसको व्यवस्था हुनुपर्यो र त्यसको क्षतिपुर्ति उहाहरुको मासियर केहि छ भने क्षति पुर्तिको पनी व्यवस्था होस भनी माग गर्न चाहान्छु र अरु धेरै अब बिषयमा मैले टाइम दिनुपनी भयन कुरा त अरु पनी थिय र यउटा यकातिर लम्कि नगरपालीकाका क्वारेन्टाइनमा बसेकि आईमाईको बलत्कार भयो र नाङ्गो तारबाट यउटा माध्यमीक बिद्यालयमा त्यस्तो नाङ्गो तार कै दिन देखि रहेछ त्यो तार कै महिना देखि त्यो तार नाङ्गो भयर कुकुरको हत्या भयको कुकुर मरेको त्यहि पनी ब्यवस्था भयन तेस्रो घटना भयो त्सको लागि उचित राहत आओस भन्दै बिदा हुन्छु धन्यवाद

२. माननीय सदस्यहरु,

अब, **"प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७६ ,"**माथिको कारबाही प्रारम्भ हुन्छ।

३. माननीय सदस्यहरू,

**"प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७६ ,"**माथिसामाजिक विकाससमीतिमादफावारछलफलकोकार्यसमाप्तभएपश्चातप्रस्तुतभएकोप्रतिवेदनसहितको विधेयक माथि सभामा छलफल गरीयोस् भनीसुदूरपश्चिम प्रदेशको प्रदेश सभा नीयमावली, २०७४ को नीयम १२१ को उपनीयम (२) को खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई अनुमति दिन्छु ।

माननीय सभामुख महोदय प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि सुदुरपश्चिम प्रदेशको प्रदेश सभआ नीयमावली २०७४ को नीयम १२१ को उपनीयम २ बमोजिम प्रतिवेदन सहितको विधेयक माथि छलफल गरीयो भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद

४. माननीय सदस्यहरू,

अब म, सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीले प्रस्तुत गरेको प्रस्तावलाई नीर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ”भन्नुहोस्।

(“हुन्छ” भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न”भन्नुहोस्।

(“हुन्न” भनेपछि)

“हुन्न” भन्ने आवाज सुनीएन तसर्थ "प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक , २०७६"माथि सामाजिक विकास समीतिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरीयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

५. माननीय सदस्यहरू,

अब, "प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक , २०७६" माथि दफावार छलफल समाप्त भई सामाजिक विकास समीतिबाट पेश हुन आएको प्रतिवेदन माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नीयमावली,२०७४ को नीयम १२१ को उपनीयम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ। छलफलमासामाजिक विकाससमीतिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू

तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरीनेछ । छलफलमा भाग लीन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाँच) मीनेटको समय नीर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय महेश दत्त जोशीलाई समय दिन्छु ।**

माननीय सभामुख महोदय, प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ समीतिमा छलफल पश्चात सुझाव सहितको प्रतिवेदन पनी यहा प्राप्त भै सकेको छ । यो विधेयक समय सान्दर्भिक प्रदेशको आवश्यक विधेयक भय पनी अहिले कोभिड १९ को महामारी संक्रमाक चली रहेको बेला यो विधेयक आयकोछ अलीकति हतारमै यो विधेयक आयतापनी सान्दर्भिक छ र आवश्यक छ यो विधेयक यस वेला यहा सदनमा आयको बेला म सरकारलाई सम्बन्धित मन्त्रालयलाई सामाजिक बिकास मन्त्रि जि लाई हार्दिक धन्यवाद दिन चाहान्छु र आज विधेयक पारीत सर्वसम्मत ढङ्गले भैरहेको छ खास गरी यो विधेयकको सन्दर्भमा कुरा गर्दा, यो विधेयक ले महत्वपुर्ण मानविय पक्षलाई समेट्छ जलाई हामी मान्छेको नैसर्गिक अधिकार क्षेत्र भित्र ,मान्दछौ मान्छेले स्वास्थ्य ढङ्गले वाच्न पाउने उसको नैसर्गिक प्राकृतिक मानविय अधिकार हो त्यो कुरा विश्वले स्विकरी सकेको सन्दर्भमा हाम्रो सुदुरपश्चिम सरकारले यो विधेयक ल्याको छ कतिपय कुराहरु यसमा पुरै समेटेको छैनन् स्वास्थ्य सेवा हाम्रो अधिकार क्षेत्र भित्र हाम्रो अधिकार क्षेत्र भित्र पर्छ र यो साझा सुचिमा पनी पर्छ यो तिन्टै सरकारको साझा सुचिमा पनी संघ प्रदेश र स्थानीय तहको साझा सुचिमा पनी पर्छ खास गरी संघको यकल अधिकार भित्र स्यास्थ्य पर्छ ति लाई टेकेर हामीले यो नीति बनादनु पर्छ त्यै पनी पतिपय कुराहरु यसमा चुट्न गयका छन स्वास्थ्य नीति सित सम्बन्धित भयर र फेरी स्वास्थ्य सेवा सँघको पनी अधिकार पर्छ र ठुला अस्पताल गुणस्तरीय अस्पतालहरु संघले नै अनुमति दिने भन्य छ कतिपय कुराहरु संघसँगै नै स्वास्थ्यको अधिकार क्षेत्र भयको देखिन्छ त्यस कारण हामीले प्रदेश स्वास्थ्य ले पायको अधिकर प्रदेश सुचिभित्र अनुसुचि ६ को नाउमा स्वास्थ्य सेवा मात्रै हो र त्यो स्वास्थ्य सेवा हामीले दिदाखेरी हेल्थ सर्भिस गर्दाखेरी हामीले महत्वपुर्ण पक्ष जल्ले स्वयम स्वास्थ्य सेवा पैसा तिरेर आफ्नो प्रभावले वा आफ्नो योग्यताले स्वास्थ्य सेवा लीन नसक्ने समुदयका लागि सरकारेल सोचेर नै यो विधेयक ल्यायको छ भन्ने कुरामा दुई मत छैन त्यो स्वास्थ्य सेवाबाट बञ्चित हुने समुदाय भनेको के के हो भनेर पहिचान गर्दा आर्थिक स्थिति कमजोर भयको दुर्गम क्षेत्रमा बसोबास गर्ने शिक्षाको बाट बञ्चित भयको समुदाय पिछडा बर्ग बालबालीका टुहुरा अपाङ्ग यो समुदायलाई हामीले पहिचान गरेको हुनुपर्छ यसैले यो सवै कुरा सरकारले जिम्मा लीनुपर्च अली सम्पन्न ब्यक्तिले अली पढेलेखेको मान्छेले त प्राईभेट रुपमा नीजि क्षेत्रमा हामीले यसम सहकारी पनी समेटेका छौ यउटा राम्रो पक्ष त्यो छ अब सहकारीले पनी स्वास्थ्य सेवा दिने भनेर जुनशंशोधनमा आयको छ यो स्वागत योग्य छ यो सहकारी क्षेत्रमा समेत समीटिने सक्ने समुदाय जुन छ त्यो समुदायलाई त्यो जनसमुदायलाई सरकारले सर्भिस दिनुपर्छ हेल्थ सर्भिस दिनुपर्छ प्रदेश सरकारले भनेर यो आयको

छ त्यसैले यो जुन यउटा महत्वपुर्ण र चर्चित बुदा छ यहा यो सि.न. ११ को दफा २७ को उपदफा १ मा सरकारी अस्पतालको परीसरको ५०० मीटर वरीपरीको दुरीमा प्राईभेट शंस्थाहरु अस्पतालहरु नर्सिङहोमहरु खोल्नुहुन्न भन्ने कुर जुन छ त्यो त्यहा सम्म ठिक छ तर त्यसको तल फेरी के प्रदेशकै अधिकारलाई कटौति हुनेगरी जुन यो सरकारको तर्फबाट प्रतिवेदन आयको छ यो उपयुक्त छैन त्यसको तल लेखियको छ तर त्यहि बुदामा तर बिशिष्ट प्रकृतिको बहुसेवा उपलब्ध गराउने भनेर बहु सेवा भन्य के स्वास्थ्यकै हो नी त्यो बहुसेवा भन्य पनी होईन गराउने मापदण्ड पुगाई अनुमति लीने मापदण्ड नपुगाई कल्ले अस्पताल खोल्छ यो भाषाको जालमा प्रदेश अधिकारलाई कटौति गर्न खोजियको कुरा हामीले बुझेका छौ मैले त्यसैले यो कुरा भन्दैछु अनी गुस्तरीय सेवा दिने भन्य अब अस्पताल खोलेपछि गुस्तरहिन सेवा दिन्छ त त्यो त गुणस्तर मापदण्ड त सरकारले गर्दिन्छ नी त्यो त भन्न छैन आयुर्वेदिक होमपेथिक जस्ता फरक प्रविधि यि सवै अस्पताल हुन तपाई होमोपेथिक झुन्डायर पनी मान्छेको उपचार गर्नु भो भित्र तपाईले कुन औषधि दिनु भो अथवा चिरफार किन भन्न सकिदैन यो जे सुकै भाषा भयपनी या संघको अधिकारलाई संघले अनुमति दियो भने  अस्पतालकै प्राङ्गणमा खोल्न पनी सकिने भन्ने खालको जुन छ त्यो ठिक छैन त्यसैले यो बुदामा अब हाम्रो संसदिय समीतिले ३०० मीटर भन्य छ तर हामी धेरै जसो सांस दहरुको मनशाय के छ भने यो तर भन्ने शब्द हटायर त्यो संघले अनुमति दियर खोल्न पाउने भन्ने कुरा हुदैन स्वास्थ्य सेवा प्रदेशले दिने हो संघले दिने कुरा छैन संघले नीति बनाउने कुरा छ संघले स्वास्थ्य नीति बनाउने हो बृहत पलान गर्ने हो योजना ल्याउने हो संघले सेवा दिने प्रदेशले हो फेरी तल गयर आधारभुत स्वास्थ्य र सरसफाई भनेको स्थानीय तहले दिने हो यो त क्लियर संविधान बोल्या कुरा होन्त आधार स्वास्थ्य र सरसफाई स्थानीय तहले दिने स्वास्थ्य सेवा हेल्थ सर्भिस प्रदेशले दिने स्वास्थ्य नीति संघले बनाउने नीति पोलीसि उले बनाउने अनी त्यसपछि उले नै अनुमति दिने र अस्पताल खोल्न पाउने हामीले नै अधिकार लेख्दियो भने अनी त्यसमा हाम्रो अधिकार कहा रहन्छ त त्यसैले यो कुरा अली गम्भिरता पुर्बक यलाई मन्त्रालयबाट यो कुरा बुझिया छ मन्त्रि जि यहा गम्भिरता पुर्वक सुनुरहनु भाछ यो कुरालाई संघले स्विकृति दियर राख्न पाउने कुरालाई नराखियोस भन्ने यो गरीमामय सदनमा माननीय सभामुक मार्फत र सरकारलाई पनी म अनुरोध गर्न चाहान्छु र त्यसपछिको कुरा के छ भने प्रदेशले बनायको भौतिक संरचना हरु छन हाम्रो सुदुरपश्चिम प्रदेशले यो तिन्टा आर्थिक बर्ष भित्र धेरै भितिक संरचना बनायको छ सहरी स्वास्थ्य केन्द्र बनायको छ खोप केन्द्र स्तरका भनेर बनायको छ वडा स्तरमा स्वास्थ्य संस्थाको लागि भनेर बनायको छ ठुलो बजेट हाम्रो भौतिक संरचना नीर्माण गरेको छ अब ति भौतिक संरचना कस्तो दायित्वमा आउछन यो कुरा पनी स्वास्थ्य ऐन आउदा हामीले बुझनु पर्यो नी त कस्को दायित्वमा आउछन भन्दा तिनी बेवारीसे हुन्छन स्थानीय तहको आफ्नै छ संघको आफ्नै छ अस्पतालहरु त्यसैले त्यो हाम्रो संरचना हो भोली त्यहा बाख्रा

पाल्ने त्यहा कुखुरा पाल्ने अवस्था आयो भने त्याहा वेवारीसे घर भित्र ट्यापे मुन्द्रे बस्ने त्यसतो अवस्था आयो भने त धेरै ठुको दुर्गति हुन्छ त्यसैले तत्काल मानविय स्रोत तत्काल मानविय जनशक्ति यसै आर्थिक बर्षमा पठाईयोस र त्यो कुरा लेख्नुपर्छ भने पुनः लेखियोस त्यसमा हाम्रो यो सबै सांसदहरुको सभामुख मार्फत यो प्रदेश सरकारलाई स्विकृति छ भनेर म अनुरोध गर्न चाहान्छु यो स्विकृति यो सदनबाटै होस भन्ने मेरो अनुरोध छ कि ति भौतिक संरचनामा मानविय जनसक्तिस्वास्थ्य कर्मिहरु बरु डाक्टर नभयपनी तल्लै पनी छन नी हेल्थ सर्भिस गर्ने याज्युम शक्ति छ अरु कुरा छ त्यलाई स्थापना गर्न यो ऐनमा ल्याउन यो सदनले अनुमति दिने कुरामा पछि पर्दैन भन्ने कुरा म सभामुख मार्फत सरकारलाई अनुरोध गर्दछु घर बनायर केहि हुदैन बरु छाता ओकालेर पनी सेवा दियो भने त्यहा औषधि दियो ब्लड पेशर नाप्दियो अहिले कत्रो ठुलो ज्वारो आछ ज्वारो आउने बितिकै कोभिड भन्दिन्छ गाउमा हल्ला गर्दिन्छ अनी त्यलाई अस्पताल पठाउदा भिड हुन्छ यदि त्यलाई वडा मै नै तसयको यो होईन यो सिजनल खोकि हो मौसमी रुघाखोकि हो भनेर पहिचान गर्दिने स्वास्थ्य कर्मचारी भै दियो भने त कम्तिमा यो महामारी रोग चलेको बेला हामीले सेवा हुन्थ्यो त्यसैले तत्काल ति मीलाई कसरी पठाउनुहुन्छ जनशक्ति आहवान गरेर प्रत्येक वडामा स्वास्थ्य सेवा प्रदायक हनशक्ति पठाइयोस सरकारलाई सभामुख मार्फत यो गरीमामय सदनमा हार्दिक अनुरोध गर्दछु नत्र औषधि पनी चाहिन्छ त्यो सँगसँगै औषधिपनी चाहिन्छ जनशक्ति पनी चाहिन्छ त्यल्लेके हुन्छ भने हाम्रो गाउमा त त्यो स्वास्थ्य संस्थामा काम गर्ने उलाई के भन्छ अहिले कार्यालय सहयोगि भन्छौ पहिले पहिले प्युन भन्ने शब्द पनी थ्यो यक दिन हाम्रो प्युन हुनुहुन्थ्यो उहालाई लामो समय नीरन्तर केहि पछि हामीले डाक्टर साब भन्थ्यौ सवै गाउलेले डाक्टर साहेब भन्थे अनी डाक्टर साहेब आउने जाने तर उहा त सधै त्यहि हुने यकदिन पढेलेखेकै डाक्टर आय त्यो स्वास्थ्य संस्थामा गाउलेले उहासँग जचाउन र उपचार गर्नमानेन भर्खरको केटा थिय उनी एच ए थिय उनी अब उनलाई डाक्टरै भन्न पर्यो एच ए भयपनी हेल्थपोष्टम अब किन मानेन गाउलेले भनेर भन्दा त्यो सदेखदवलीको यउटा हेल्थपोष्ट थियो मैले पनी बुजे यथार्थ नाई त्यो डाक्टरसँग होईन हामी त यो डाक्टरसँग गर्छौ भनेर त्यो हाम्रो प्युन जो राख्या थ्यौ उहासित उपचार गराचने कुरामा सहमत भय पछि सवै हासे यो त पढेलेख्या मान्छे हो भन्दा नाई बिश्वास छैन भनन्यो यस्तो कुरा हुन्छ स्वास्थ्य मा विश्वास को कुरा ठुलो हुन्छ नजिकको स्वास्थ्य संस्थामा जान चाहान्छन तर त्यहा प्राईभेटमा मान्छे बढि गईराछ र आफ्नोपैसाकप पनी क्षति गरीराछ आफ्नो स्वास्थ्यको पनी नोक्सान गरी राछ कुन प्रकारको औषधि दिनुपर्ने हो कु प्रकारको औषधि दिराछ औषधि खायर झन मान्छेको जिवन दुर्घटन भैराछ त्यसैले यो सरकारी संस्था नजिक ५०० मीटर सम्म प्राईभेट संस्थाहुनुहुदैन यलाई यदि ब्यापारीकरण हामी समाजउन्मुख संविधानमा लेख्या छौ भने यो हुनुहुदैन यलाई करेक्सन गरेर ५०० मीटर राखियोस र ५०० मीटर भित्र पनी केन्द्रले दियो भने राख्न पाउने भन्ने यो त्यति राम्रो कुरा होईन यो हाम्रो

अधिकार कटौति हुने कुरा भयो हुनाले यो कुरा हटाईयोस भन्ने अनुरोध गर्दै यो बिधेयक महत्वपुर्ण विधेयक यतिबेला आवश्यक विधेयक छ र जनशक्तिको बिषयमा अब थप जनशक्ति चाहियो प्रदेशको २८ लाख सुदुरपश्चिम बासिलाई हाम्रो जनशक्तिले पुगिराछैन अब कल्ले यो भगवानले दिने हो भने त्यो भगवानले दिने हो भन्नुपर्यो अथवा कोहि अरुले पठाउने हो भने त्यो भन्नु पर्यो कसैले पठाउने वाला छैन घर हामीले बनायौ ठाउ हामीले तोक्यौ जनतालाई सेवा दिने अधिकार संविधानले हामीलाई दियो त्यसैले जनशक्तिको व्यवस्थापन का लागि पनी म प्रदेश सरकार मार्फत सम्बन्धित मन्त्रालय सामाजिक बिकास मन्त्रिजिलाई हार्दिक अनुरोध गर्दै बिदा हुन्छु, नमस्कार

**माननीय गोविन्द राज वोहरा**

माननीय सभामुख महोदय, प्रदेश जनस्वास्थ्य सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथिको छलफलको क्रममा हामी बसेका छौ सच्चिकै यो विधेयक पढ्दा केरी यो समीतिले असाध्यै मेहेनत गरेर यसमा धेरै कुरा परीमार्जित गरेर ल्याको छ सम्बन्धित समीतिलाई धन्यबाद दिन चाहान्छु र यो विधेयक सरकारले जो ल्याको छ अहिलेको परीस्थितिमा सरकारलाई पनीधन्यवाद दिन चाहान्छु हाम्रो मानव जिवन मा Health is wealth भन्छ साच्चिकै हेल्थ भयन भने मानव जिवन चल्न सक्दैन त्यसका सँगसँगैFundamental rights पनी हो मान्छे भयर जन्मि सकेपछिFundamental right के हो भनेपछि उपचारका क्रममा मान्छे रोगि हुन्छ भने उपचार गर्ने व्यवस्था त्यो राज्यभित्र हुनुपर्छ आज हाम्रो देशमा हामी स्वास्थ्य मन्त्रालय भनेर यउटा स्वास्थ्य सम्बन्धि सम्पुर्ण कुरा त्यलाई हेर्ने भनेर त्यसका बजेटिङ देखि सम्पुर्ण कुरा त्यस त्यो तरीकाले हेर्छौं तर युरोपतिर यउटा नयाँ कन्सेप्ट आईसकेको छ हामीकहा यउटा जनस्वास्थ्य मन्त्रालय छ युरोपमा जति मन्त्रालय छ त्यो मन्त्रालयमा हरेक मन्त्रलयमा यउटा स्वास्थ्य डेष्क राख्ने चलन बनाईसक्यो किन भन्दा उनीहरु आफ्नो हेल्थको सन्दर्भमा यति सचेत भैसकेकि त्यो हरेक मन्त्रालयमा स्वास्थ्य मन्त्रायले गर्ने काम भन्दा पनी आफ्नो मन्त्रालयमा यउटा स्वास्थ्य डेष्क राखेर ईमेर्जन्सिकामहरु कति छ त्यो भित्रको गर्ने त्यो भित्र आईसकेका कामहरुलाई पहिला त्यो मन्त्रालयले काम गर्ने र त्यसपछि स्वास्थ्य मन्त्रालयमा कसरी डिल गर्ने मान्छे स्वास्थ्यको सन्दर्भमा त्यति सचेत भैसक्यो अहिले कोरोनाले बिशव आक्रान्त छ यउटा नयाँ चेन्ज आईसक्यो यो महामारीले तपाई हामी भित्र हामी यहा बसेका ब्यक्ति भित्र पनी चेन्ज आइसक्यो हिजो हामी बाहिर भेट्दा खेरी हात मीलाउथ्यौ आज छोडिसक्यौ यो यउटा नयाँ चेन्ज हो यो ले ल्याको छ त्यसैले यसमा यो फन्डामेन्टल राईट्स हो सबले उपचार गर्न पाउच गरीबले पनी पाउनुपर्यो धनीले पायकै छ र यि कुराहरु स्वास्थ्य विधेयक भित्र यो कानुन भित्र अहिले भित्र सम्पुर्णलाई समान रुपले हेर्ने तरीकाले बनाउनुपर्ने हुनुपर्छ र जति कुरा यो परीमार्जित गरीयको छ यसलाई म धन्यवाद दिन्छु यसका सँगसँगै जो यो सहकारी सामुदायिक लाई पनी समावेश गरेर यसलाई अगाडि बढाउने भन्ने जो समीतिबाट परीमसर्जन गरेर ल्याको छ असाध्यै राम्रो छ किनभन्दा खेरी

आज मुलुक समान सहकारी र सामुदायिक गैराखेको छ हरेक ठाउमा सहकारी खोल्ने बनीराख्या छौ र यो स्वास्थ्य सम्बन्धि जानकारी लीनका स्वास्थ्य सम्बन्धि विधेयकलाई स्ट्रोङ्ग गर्नाका लागि यि समुदायहरुलाई पनी समावेश गर्यो भने स्वास्थ्यको कुरा अली परीमार्जन भयर हरेक त्यो स्वास्थ्य उपचारको लाभ लीन सक्छ कि भन्ने कुरा यसमा देखियको छ त्यसैले सभामुख महोदुय यो स्वास्थ्य सम्बन्धि यो विधेयक हामीले ल्याई राखेका छौ यसमा सानातिना तल कमीकमजोरी भय पनी त्यलाई सच्याउने प्रयास गरीयला जस्तो अस्पतालको सन्दर्भमा सरकारी अस्पताल यकठाउमा राखियको त्यसको डिस्टेन्स तोकियको छ ३०० मीटर कायम भनीयको छ यक ठाउमा ५०० मीटर राख्नु पर्ने भनीयको छ त्यसले तातुक अर्थ राख्दैन सरकारी अस्पताल भन्ने कुरा के हो भने पछि त्यसको गुणस्तर मापन गर्नुपर्यो राम्रो बनाउनु पर्यो सरकारी अस्पतालमा सवै सुवुधाहरु सम्पन्न भयो भने पछि त्यहावाट अर्को प्राईभेट अस्पतालमा बढि खर्च गर्न कले जान्छ हामी सरकारको नीति त्यस्तो आईसकेको छैन सरकारको नीति यउटा के आउनुपर्यो हाम्रो प्रदेशको यउटा नीति के आउनुपर्यो भने यउटा सरकारी अस्पताल ?आज हाम्रो प्रादेशिक अस्पताल छ भने त्यसलाई सम्पन्नता दिने त्यसमा सम्पुर्ण सेवाहरु उपलब्ध गराउने २० वटा भिडियो यक्सरे गराउदा खेरी अब यो अस्पतालमा २१ औ भिडियो यक्सरे हुदै नहुने भयपछि अर्को अस्पतालमा उ ५०० मीटरको हो कि ६०० मीटरको होस कि २०० मीटर अर्कोले त्यो प्राईभेट अस्पताल मा जानुनै पर्ने भो त्यस्तो अवस्था हाम्रो सामुन्यमा छ र यो अस्पताललाई जस्तो २० वटाभिडियो यक्सरे गरीसक्या छ भने पछि २० वटा अरु थप्नु पर्यो नी थपेर त्यो सुविधा त जनताले लीन पाउनुपर्यो नी स्वास्थ्यको सम्बन्धमा त्यसैले यसको डिस्टेन्ले धेरै तात्तुक अर्थ नराख्ला ठिक छ सरकारी अस्पताल सँग जोडियर प्राईभेट अस्पताल हुनुहुदैन त्यसको चाहिने भिडले पनी प्रोबलम भैराख्या हुन्छ स्वास्थ्य सम्बन्धमा तर पनी यउटा डिस्टेन्स जति डिस्टेन्स राखेपनी यदि सरकारी अस्पताललाई सक्षम र स्वस्थ रुपको र सक्षम अस्पताल बनाउन सक्ने होईन भने प्राईभेट मा मान्छै जान्छ त्यहा बढि खर्च हुन्छ राम्रो सँग ईलाज गर्दिने हो कि होईन या किड्नि बेच्ने सुचना पनी बढि आईराखेका छन कमसेकम सरकरी अस्पतालमा जनताको स्वास्थ्य सुरक्षित छ त्याहा सुरक्षा हुन्छ त्यहा राम्रो ईलाज हुन्छ त्यहा राम्रो औषधि पाईन्छ त्यहा राम्रो डक्टर छ भन्ने अवस्थआ यदि हम्रो मानविय जगतमा त्यो कुरा आयो भने पछि त्यसले यउटा उत्पादन मुलक काम दिन्छ र जनताले त्यसमा सुविधा लीन सक्छ र पैसाको जोखो पनी गर्न सक्छ अब यक सरकारी अस्पतालमा खर्च गर्दा खेरी ५००० मा सवै कुरा हन्छ भने प्राईभेटमा त्यहि ५० हजार हुन्छ त्यो जोखो सवैले गर्न सक्दैन त्यसैले सरकारी अस्पतालहरुलाई सुधार्ने क्रममा यो विधेयकले जो देखाउन खोजेको छ र सरकारले पनी यसमा पहल गर्नु पर्छ भन्ने अनुरोध गर्दछु धन्यवाद

**माननीय मालामती कुमारी राना**

मानननीय सभामुख महोदय आज हामी प्रदेश स्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ माथि दफावार छलफलमा छौ समीतिका मननीय सभापति ज्यु लगायत माननीयहरुलाई धेरै धेरै धन्यवाद र बधाई दिन चाहान्छु धेरै मेहेनतका बाबजुत यो विधेयक आयको छ यो विधेयक यकदमैमहत्वपुर्न विधैयक हो त्यसकारण अहिले सम्म हामीले संघले संघियको मात्रै मुख ताक्नु पर्ने थियो कुनै पनी अधिकार र काम गर्नको लागि हे होस संघियताले यउटा हाम्रो आफ्नो हक अधिकार आफ्ना काम गर्नाका लागि आफ्नो यउटा कानुन र विधेयक बनाउन यउटा अवसर हामी पायका छौ त्यसकारण जुन यो विधेयक दियको छ यउटा सहकारी सम्बन्धि यउटा नीयम यसमा ल्याको छ यो यकदमै राम्रो हो अहिले सम्म यउटा अस्पताल यउटा अस्पतालले मात्रै सेवा दिईरहेको थियो यो यउटा सहकारी मार्पत यउटा सेवा दिने महत्वपुर्ण हो तर सहकारी भन्नाले यो नेपाल अधिराज्य भरीमा च्याउ जस्तै उम्रियका सहकारी छन त्यसकारण सेवा त दिने हो अब सेवा कुन कुन ठाउमा दिने यसको क्राईट यरीया तोक्दियो भने अझ महत्वपुर्ण हुने थियो कि जस्तै दुरदराज अनी पछि परेका समुदाय जस्तै यो हाम्रै धनगढिकै यरीया राजधानीकै यरीयमा भनौ भने तपाईको हजारौ सम्म सहकारी होलान अब सबै सहकारीले मैले पनी यो सेवा दिन पाउनुपर्छ भन्ने तिर हामी गयौ भने यो सायद यति उपलब्धि मुलक होला जस्तो मलाई लाग्दैन सरकारी अस्पतालको कुरा जुन यो ५०० मीटर को कुरा भाको छ ५०० मीटरको दुरीमा र यउटा आयुर्बेदिक यरोपेथिक भन्ने केशमा दिईयको छ त्यसमा मलाई के लागेको छ भनेत्यो यकदमै ठिक हो राम्रो हो अनुमति लीयर बनाउन पाउने तर त्यो पनी सायद मलाई लाग्छ सरकारी हस्पिटलभन्दा अली ५०० मीटर कम भो कि अली टाढा हुनुपर्छ ५०० मीटर भित्रै बनाउन पाउने छ भने त्यो अली टाढा हुनुपर्छ किनभने अहिले तपाईको सरकारी अस्पताल सेति अस्पतालको स्थिति हेर्दा खेरी यकदमै नाजुक छ यउटा सुत्केरी सरकारी अस्पतालमा माननीय मन्त्रि जि यहि हुनुहुन्छ सामाजिक मन्त्रि सुत्केरीले त्यहा यउटा सेवा पाईरहेको अवस्था छैन त्यहा जुन म आफ्नै गाउको उदाहरण दिन चाहान्छु यक जना मेरै गाउकि यक जना महिला जानु भो अनी यउटा हामी महिला महिला मीलेर हमी यउटा समुह बनायका छौ हामी समुहवाट उनलाई डेढ लाख रुपिया ऋण दियौ त्यो ऋणले सरकारी हस्पिटलमा लगे उनले आफ्नो बुहारीलाई लगेको अनी सरकारी हस्पिटलले मानने सुत्केरी गराउन अनी ल त्यहा रीफर गर्दै नीसर्ग हस्पिटल भन्नाले यो धनगढि यरीयाको सबभन्दा महगो हस्पिटल मा गणना भाको हामीले बुजेका छौ अनी त्यहा पुग्दाखेरी उसको १ लाख २५ हजार जति सुत्केरीको अवस्थामा लगानी लाग्यो त्यसमा अव यि गरीव जनताले १ लाख सम्म लागेपनी ५० हजार सम्म पनी उनीहरुले आफ्नो प्राईभेट हस्पिटलबाट आफ्नो सेवा लीन सक्दैनन् किन सरकारी हस्पिटलका डक्टर उनीहरु नै प्राईभेट हस्पिटलमा हुन्छन प्राईभेट क्लिनकमा खोलेर बसेका हुन्छन त्यसको अन्त हुनुपर्छ म सरकारसँग आग्रह गर्न चाहान्छु यदि त्यसको अन्त भयन भने सरकारी

हस्पिटलका प्राईभेट क्लिनीक खोलेर बसे भने सरकारी हस्पिटलको गुणस्तर पनी हुदैन व्यवस्थित पनी हुदैन अनी सेवामा यकदमै जनताहरु मारमा भयको देखिन्छ पाउने छन त्यसैगरी मैले चाहि केहि बुदामा सुझाव देखाउन चाहान्छुजुन दफा ४ को शंशोधनमा ५ को प्रदेश सरकारले गरीब बिपन्न तथा घर ठेगाना पत्ता नलागेका ब्यक्ति अपाङ्गता भयका ब्यक्ति घाईते तह छ यसमा मेरो सुझाब छ तथाको ठाउमा पिडित घाईतेलाई उपचार गर्न लागेको खर्च बेहोर्न नसकियको अवस्थामा त्यस्तो ब्यक्तिले उपचार गर्न आकस्मिक स्वास्थ्य उपचार गरेको स्थापना गर्नुपर्ने छ भन्ने मेरो सुझाब छ यसमा यसैगरी १५ को ढ मा सहकारी समुदायिक नीजि स्वास्थ्यका सञ्चालक मध्येवाट मनोनीत को दुई जना सदस्य मात्रै छ यसमा मेरो सुजाव छ दुई जना मध्ये यकजना महिला थप्नुपर्छ कि जस्तो मलाई लागेको छ त्यसैगरी २४ को दफा ५०को सुझाबमा मन्त्रलयले तोकेको माननीय सभापति ज्युले पढ्दाखेरी त अवश्य नै भन्नु भाको हो तोकिय बमोजिम तर यसमा तोकिय मात्रै छ त्यसकारण मेरो सुझाव छ तोकिय यसमा हुनुपर्छ र २६ को परीच्छेद १० को नसर्ने रोग तथा मानसिक स्वास्थ्य र सरुवा रोग सम्बन्धि ब्यवस्था मात्रै छ यसमा मैले सरुवा रोग तथा दिर्घ रोगि सम्बन्धि व्यवस्था गर्नुपर्छ दिर्घ रोगि मैले यसमा मेरो शुझाब छ र यसै गरी यो सरुवा रोगको अगाडि सवैमा दिर्घ रोगि भन्ने नै मेरो सुझाव छ धन्यवाद

६. माननीय सदस्यहरू,

**"प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७६ ,"**माथि दफावार छलफल समाप्त भई सामाजिक विकास समीतिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको नीर्धारीत समय यहीँ समाप्तहु न्छ।

७. माननीय सदस्यहरू,

अब, विधेयक प्रस्तुतकर्ता सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई "प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७६ ," माथिको छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमति दिन्छु।

माननीय सभामुख महोदय, नेपालको संविधान बमोजिम नागरिकको स्वास्थ्य हकको सुनीश्चिता गर्न सबै नागरीकले सर्ब सुलभ तरीकाले स्वास्थ्य सेवा पाउन स्वाथ्य सेवालाई नीयमीत प्रभावकारी सर्व सुलभ गुणस्तरीय र सर्वब्यापि पहुँच स्थापित गर्नाका लागि प्रदेश सरकारले प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ गरीमामय सदनमा प्रस्तुत गरेको थियो त्यो विधेयकमाथि प्रदेश सभामा व्यापक छलफल भई सामाजिक समीतिमा पठाई सामाजिक समीतिबाट पनी धेरै लामो त्यो सँग सरोकार राख्ने सवै ९ जिल्लाका सरोकारवाला सँग छलफल गरेर त्यलाई असाध्यै मेहेनताका साथ गरीमामय सदनमा पेश भैसकेको थियो र आज त्यो विधेयक माथि आफ्नाअमुल्य सुझाव दिनुहुने माननीय ज्युहरुलाई धेरै धेरै धन्यवाद दिन चाहान्छु अरु बिषयमा

त्यति सवै राम्रो छ तर १, २ वटा विषय यहा दुरी ५०० को सट्ट ३०० थियो तर दफा २७ लाई को बिषयमा यहा आयको छ र सहकारी र समुदायिक हस्पिटलहरुको बिषयको पनी कुरा असाध्यै सुझाव आयको छ म यस बिषयमा माननीय ज्युहरुले जुन सुझाव दिनु भो यो असाध्यै महत्वपुर्ण सुझावलाई सरकारले ग्रहण गरेको पनी छ र गर्ने पनी छ यो विधेयक पारीतभै सकेपछि यलाई नीयमावली बनायर अझ यसमा भयका केहि छुटेका कुराहरुलाई हमी समेट्ने छौ नीयमवलीले पनी यलाई सम्बोधन गर्ने छ जहासम्म यो ५०० मीटरको ठाउमा ३०० मीटर किन राखियो यलाई ५०० बनाउनु पर्छ भन्ने सुझाव आको छ त्यो अत्यन्तै महत्वपुर्ण सुझाच ५०० राख्न हामीलाई पनी सरकारले पनी सोचेको थियो माननीय ज्युहरुको पनी सोचाई हो यो असाध्यै राम्रो सोचाई थियो तर हाम्रो सदरमुकामको हाम्रा पहाडहरुका सदरमुकामको बनावट सानो डाँडामा सदरमुकाम छ त्यहा जिल्ला अस्पताल छ त्यो जिल्ला अस्पतालवाट ५०० मीटर नाप्दा धेरै तल जाने त्यहा सेवा जनताले सर्बसुलभ तरीकाले पाउनुको सट्टा अली अप्ठेरो हुने हामीले महसुस र हाम्रो माननीय ज्यु  र केहि सुझाव कर्ता साथिले पनी दिनु भो र त्यसका कारणले हामीले पनी त्यहा ३०० मीटरको वरीपरीअरु नीजि अस्पताल हुदा फोहोर धेरै हुन्छ त्यसैले राख्ने सुझाव आईसकेपछि मैले पनी यो ठिकै  जस्तो लागेर ३०० मा नै सहमति यो हाम्रो भौगोलीक वातावरण को कारणले अब कैलाली सेति प्रादेशिक अस्पतालमा महाकालीमा यसको ५००, ७०० मी टर राखेपनी त्यसको कुनै भिन्नता पर्दैन यहा १०० मीटर राखेपनी केहि अस्पतालहरुको अवस्था १०० मीटर पनी छ यकदुईवटा अस्पताल तर अरु क्षेत्रमा यले लामो दुरी कायम गर्दा अप्ठेरो पर्न गयको कारणले गर्दा यलाई यसरी ल्याको हो अर्को त्यहि दफा २७ को तर भन्ने जुन  छ त्यो शब्द हटाईयको छ त्यो बिभेद पुर्ण त्यहा भोली अरुले दर्ता गर्यो भने भित्रै राख्नुपर्ने स्थिति भयको कारणले त्यो हटाईयको छ त्यसलाई हामीले माननीय महेश दत्त जोशि ज्युले भने जस्तो त्यो यसमा छैन त्यसलाई शंशोधनमा यो लाई हटायर ल्याको छ र यलाई हामीले हटाईसकेका छौअर्को सहकारी र सामुदायिक अस्पतालहरु सुदुरपश्चिममा जो अहिले सञ्चालनमा छन तिन चार वटा सामुदायिक अस्पतालहरु सञ्चालनमा छन त्यलाई पनी हामीले त्यसको पनी सेवा गुणस्तरीय होस त्यले पनी जनतालाई सर्वसुलभ तरीकाले सेवा देहोस यदि त्यले सेवा दिन सकेन भने प्रदेश मातहतमा ल्यायर पनी प्रदेश सरकारले त्यलाई सञ्चालन गर्ने गरी सहकारी र सामुदायिक अस्पतालहरुलाई पनी हामीले प्रदेश सरकारको मातहतमा ल्याउने यउटा कानुन ल्याका छौ जस्तै अछामको जिल्ला अस्पताल भोली त्यले जनतालाई सेवा दिन सकेन त्यल्ले सहयोग गर्ने डोनरहरुले हात झिकिदियो भने त्यो प्रदेश सरकारको मातहतमा ल्यायर त्यहाका जनतालाई हामीलेल्याका छौ जस्तो अत्तरीयामा छ यउटा सामुदायिक अस्पताल लम्किमा छ यउटा सामुदायिक अस्पताल छ बाजुरामा यउटा सामुदायिक अस्पताल यस्ता सहकारी र सामुदायिकबाट चलेका अस्पतालहरु भोली जनताको बिचमा सेवा दिन सकेन तिनीहरुलाई सहयोग गर्ने दातृ नीकायले हात नीकालयो भने

त्यसलाई प्रदेश सरकारको मातहतमा ल्यायर जनतालाई सेवा गर्ने भनेर हामीलेसमेटेका छौ जहासम्म माननीय ज्युले सेति प्रादेशिक अस्पतालमा सुत्केरी सेवा नपायर नीसर्गमा पठाउने जुन गरेको छ अब यो विधेयकले त्यस्ता कुराहरु रोक्छ अहिले सम्म हामीसम्म कानुन थियन त्यो कानुनबाट हामीले रोक्न सक्ने अवस्था थियन हाम्रो अब देखि यो विधेयक पारीत भयर लागु भैसकेपछि सेति प्रादेशिक अस्पताल सुदुरोपश्चिमको सुत्केरीको सेवा दिने सबैभन्दा ठुलो अस्पताल हो सेतिले नसक्या कुरा नीसर्गले सक्ने भन्ने कुरै आउदैन तर त्यहा केहि भित्रको कोहि कर्मचारीले त्यहा पठायो होला तर सेतिले असाध्यै ठुलो सुत्केरीको बिषयमा सेवा दिईरहेको छ त्यसैले मैले के अनुरोध गर्न चाहान्छु भन्दा अब यो विधेयक पारीत भैसकेपछि सर्वसुलभ तरीकाले सुदुरपश्चिम बासि जनताले स्वास्थ्य सेवा पाउने छन आधारभुत स्वास्थ्य सेवा सबैले पाउने छन र प्रदेश सरकारको दायित्व पनी हो आफ्नो प्रदेश भित्रका सवै नागरीकहरुलाई सर्वसुलभ तरीकाले स्वास्थ्य सेवाको पहुचवाट कसैलाई पनी बाहिर रहन दिनुहुन्न भन्ने कुरा सरकारले पनी लीयको छ त्यसैले यो महत्वुर्ण विधेयकमा आफ्ना अमुल्य सुझाव दिने माननीय ज्युहरुलाई धन्यवाद दिदै यो विधेयकले नसमेटेका कुरा नीयमावलीमा समेट्ने गरी अगाडि बढ्नेछ भन्ने कुराहरु म यहारु सँग अनुरोध गर्दै बिदाहुन्छु, धन्यबाद ।

८. माननीय सदस्यहरू,

अबम,"प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेकोविधेयक२०७६ ,"माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक विकास समीतिबाट पेश हुन आएको प्रतिवेदनमा क्रम संख्या१ (एक) देखि३६ (छत्तिस) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थालाई विधेयकको अङ्ग बनोस भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नीयमावली, २०७४ को नीयम ११६ बमोजिम समुहिकृत रुपमा सभा समक्ष नीर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ”भन्नुहोस्।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न”भन्नुहोस्।

(हुन्न भनेपछि)

“हुन्न” भन्ने आवाज सुनीएन तसर्थ प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ माथि दफावार छलफलको कार्य समाप्त भई सामाजिक विकास समीतिबाट पेश

हुन आएको प्रतिवेदनमा क्रमसंख्या१ (एक) देखि३६ (छत्तिस)सम्मका उल्लेखित संशोधन वा थपहुनुपर्ने व्यवस्था सर्वसम्मतिले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

९. माननीय सदस्यहरू,

अब म, विधेयकका २ देखि ८४ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथासम्बन्धित उपदफाहरू प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को अंङ्ग बनोस् भनी नीर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ ”भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ”भन्नुहोस।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न”भन्नुहोस।

(हुन्न भनेपछि)

“हुन्न” भन्ने आवाज सुनीएन तसर्थ विधेयकको २ देखि ८४ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथासम्बन्धित उपदफाहरू सर्वसम्मतिले प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को अंङ्ग बने कोघोषणा गर्दछु ।

१०. माननीय सदस्यहरू,

अबम, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

प्रस्तावनाः नेपालको संविधान बमोजिम नागरीककोस्वास्थ्यसम्बन्धी हकको सुनीश्चितता तथा स्वास्थ्य सेवा पाउनेहक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नीयमीतगुणस्तरीय ,सर्वसुलभ ,प्रभावकारी , तथा सर्वब्यापी पहुँच स्थापित गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्न बाञ्छनीय ,भएकोले

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१)यस ऐनको नाम "प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,"रहेकोछ।

(२)यो ऐन सुदूरपश्चिमप्रदेशभर तुरुन्त लागुहुनेछ ।

११. माननीय सदस्यहरू,

अब म, विधेयकको प्रस्तावना र नाम प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ को अङ्ग बनोस भनी नीर्णयार्थ प्रस्तुत गर्दछु।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ”भन्नुहोस्।

(हुन्छ भनेपछि)

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न”भन्नुहोस्।

(हुन्न भनेपछि)

“हुन्न” भन्ने आवाज सुनीएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७६ ,"को अङ्ग बनेको घोषणा गर्दछु।

१२. माननीय सदस्यहरू,

अव म, विधेयक प्रस्तुतकर्ता सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीलाई "प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७६ ,"लाई सुदूरपश्चिम प्रदेशको प्रदेशसभा नीयमावली, २०७४ को नीयम १२२ बमोजिम सभाबाट पारीत गरीयोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक २०७६ लाई सुदुरपश्चिम प्रदेशको प्रदेश सभा नीयमावली २०७४ को नीयम १२२ बमोजिम सभाबाट पारीत गरीयोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद

१३. माननीय सदस्यहरू,

अबम,सामाजिक विकास मन्त्री माननीय कृष्ण राज सुवेदीले पेश गरेको प्रस्तावलाई नीर्णयार्थ प्रस्तुत गर्दछु।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न”भन्नुहोला।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ”भन्नुहोस्।

(हुन्छ भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न”भन्नुहोस्।

(हुन्न भनेपछि)

“हुन्न” भन्ने आवाज सुनीएन तसर्थ "प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७६ ," सर्वसम्मतिले पारीत भएको घोषणा गर्दछु।

१४. माननीय सदस्यहरू,

"प्रदेश जनस्वास्थ्य सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७६ ," माथिको कारबाही यहीँ समाप्त हुन्छ।

१५. माननीय सदस्यहरु,

सार्वजनीक लेखा समीतिमा रही कामकाज गरीरहेका माननीय भरत बहादुर खड्का र अर्थ विकास तथा प्राकृतिक स्रोत समीतिमा रही कामकाज गरीरहेका माननीय गोविन्द राज वोहराले आफुहरुलाई आफ्नो ईच्छा अनुसार एक अर्काको समीतिमा रही कामकाज गर्ने गरी विषयगत समीतिको जिम्मेवारी परीवर्तन गरीपाउँ भनी नीवेदन पेश गरेको साथै सार्वजनीक लेखा समीतिमा रही कामकाज गरीरहेका माननीय कर्ण बहादुर मल्ल र सामाजिक विकास समीतिमा रही कामकाज गरीरहेका माननीय डिल्ली राज पन्तले समेत समीति परीवर्तनका लागि नीवेदन पेश गरेको र नेपाली कांग्रेस संसदीय दलको कार्यालयको मीति २०७७/०४/३० गतेको विषयगत समीति सदस्यको परीवर्तन सम्बन्धी सिफारीस पत्र अनुसार माननीय भरत बहादुर खड्कालाई अर्थ विकास तथा प्राकृतिक स्रोत समीतिमा, माननीय गोविन्द राज वोहरालाई सार्वजनीक लेखा समीतिमा, माननीय कर्ण बहादुर मल्ललाई सामाजिक विकास समीतिमा र माननीय डिल्ली राज पन्तलाई सार्वजनीक लेखा समीतिमा रही कामकाज गर्ने गरी विषयगत समीतिको जिम्मेवारी तोकिएको व्यहोरा जानकारी गराउदछु।

१६. माननीय सदस्यहरू,

आजको बैठकको कारबाही यहीं समाप्त हुन्छ । अर्को बैठक मीति २०७७ साल श्रावण ३१ गते शनीवार दिउँसो ३:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु।